बैठक संख्याः ५२ मितिः २०८२।०५।०२ समयः दिनको १:०० बजे

आज मिति २०८२।०५।०२ गते गुराँस गाउँपालिका दैलेखको ५२औं कार्यपालिका बैठक गाउँपालिकाका अध्यक्ष श्री टोप बहादुर वि.सी. ज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा बसी देहायका प्रस्तावहरुमाथि निर्णय गरी पारीत गरीयो ।

तपसिलः

| | |
|---|---|
| श्री टोप बहादुर वि.सी. | - गाउँपालिपालिका अध्यक्ष |
| श्री शिवा कुमारी खड्का | - गाउँपालिपालिका उपाध्यक्ष |
| श्री धर्म बहादुर रावल | - वडा अध्यक्ष वडा न. १ |
| श्री शेर बहादुर रावल | - वडा अध्यक्ष वडा न. २ |
| श्री काशीराम शर्मा | - वडा अध्यक्ष वडा न. ३ |
| श्री खड्क बहादुर शाही | - वडा अध्यक्ष वडा न. ४ |
| श्री भुपेन्द्र बहादुर चन्द | - वडा अध्यक्ष वडा न. ५ |
| श्री चन्द्र बहादुर राना | - वडा अध्यक्ष वडा न. ६ |
| श्री नन्द बहादुर वि.सी. | - वडा अध्यक्ष वडा न. ७ |
| श्री दिपेन्द्र वली | - वडा अध्यक्ष वडा न. ८ |
| श्री अमृता कुमारी वि.सी. | - कार्यपालिका सदस्य |
| श्री विर्मा वि.क. | - कार्यपालिका सदस्य |
| श्री पम्फि वि.क. | - कार्यपालिका सदस्य |
| श्री भुमीसरा वली | - कार्यपालिका सदस्य |
| श्री कुलविर वि.क. | - कार्यपालिका सदस्य |
| श्री सम्झना कुमारी वुढा | - कार्यपालिका सदस्य |
| श्री दिल बहादुर पौडेल | - प्रमुख प्रशासकिय अधिकृत (सचिव) |

सहयोगी

| | |
|---|---|
| १ खेमराज उपाध्याय | सहायक पाँचौ |
| २ पुर्ण बहादुर वली | सचिवालय सहयोगी |
| ३ खगीसरा बि क | का स |

**५२ औ बैठकका प्रस्तावहरु:**

१.अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।

२.वार्षिक कार्यसम्पादन मूल्यांकन तथा समिक्षा सम्वन्धमा ।

३. एकिकृत वार्षिक कार्ययोजना र कार्य सम्पादन सम्झौता सम्बन्धमा। ।

४.वार्षिक खरीद योजना र तलबी प्रतिवेदन पारीत सम्बन्धमा ।

५.वार्षिक अनुगमन तथा मूल्यांकन योजना निर्माण सम्बन्धमा ।

६. प्रगती प्रतिवदेन छपाई सम्बन्धमा ।

७. जिल्ला अदालतको पत्रको सम्बन्धमा ।

८.गुराँस गाउँपालिकाको दररेट पारीत गर्ने सम्बन्धमा ।

९. शिक्षा समिति लगाएत विषयगत समितिको निर्णय अनुमोदन सम्बन्धमा ।

१०.भुमी समस्या समाधान आयोगको कार्य व्यवस्थापन सम्बन्धमा ।

११. एकिकृत राजश्व(मालापोत)को दर रेट सम्बन्धमा ।

१२. ब्याक हो लोडर.संचालन सम्बन्धमा ।

१३. आर्थिक विवरण पेश सम्बन्धमा ।

**१४.विविध**

क) सम्पत्ति विवरण पेश गर्ने सम्बन्धमा ।

ख) विद्युत मिटर सम्बन्धमा ।

ग) लक्षीत कार्यक्रम संचालन सम्बन्धमा ।

घ) गौरव मार्गको कार्यसंचालन सम्बन्धमा ।

ङ) रोजगार संयोजकको व्यवस्थापन सम्बन्धमा ।

च) नदिजन्य पदार्थ उपयोग सम्बन्धमा ।

छ) गुराँसे पातिकान्ला सडक संचालन सम्बन्धमा ।

ज) सेवा करारका विविध पदमा पदपुर्ति सम्बन्धमा ।

टोप बहादुर बि.सी.

निर्णयहरु :

**प्रस्ताव नं १** माथि छलफल गर्दा गुराँस गाउँपालिकाको ५१ औं बैठकले गरेका निर्णयहरु कार्यान्वयन सम्बन्धमा समिक्षा गर्दा उक्त बैठकमा भएका ८ वटा निर्णहरु मध्ये धेरै निर्णय कार्यान्वयन भएको र कार्यान्वयन नभएका एउटा निर्णय कार्यान्वयनको क्रममा रहेकाले यथाशिघ्र कार्यान्वयन गर्न निर्देशन दिने निर्णय गरीयो ।

**निर्णय नं. २:** प्रस्ताव नं २ माथि छलफल गर्दा गुराँस गाउँपालिका गाउँ कार्यापालिकाको कार्यालयमा कार्यारत कर्मचारीहरु र सम्बद्ध कामका विषयमा प्रगती समिक्षा तथा कार्यसम्पादन मुल्यांकन गर्दा कार्यक्षमता, आचरण, निर्देशन पालना जिम्मेवारी प्रतिको लगाव आदिको आधारमा उत्प्रेरणा हुनेगरी प्रोत्सहान गर्ने र मूल्यांकनमा कम्जोर भएका कर्मचारीलाई चेतावनी दिने साथै सेवा करारका कर्मचारीहरुको सेवा निरन्तरका तथा व्यवस्थापनका लागि देहायका पदाधिकारी रहने गरी निर्माण गरीएको कार्यदललाई सो सम्बन्धी शुक्ष्म विष्लेषण गरी २०८२।०५।०४ गते सम्म प्रतिवेदन तयार गरी पेश गर्ने र सोहि प्रतिवेदका आधारमा सेवा करारका कर्मचारी करार सेवा म्याद थप तथा दरवन्दी मिलान र व्यवस्थापन गर्ने निर्णय गरीयो ।

तपसिल

संयोजक : श्री काशीराम शर्मा सामाजिक विकास समिति संयोजक

सदस्य श्री भुपेन्द्र बहादुर चन्द आर्थिक विकास समिति संयोजक

सदस्य श्री चन्द्र बहादुर राना पूर्वाधार विकास समिति संयोजक

सदस्य श्री दिल बहादुर पौडेल प्रमुख प्रशासकिय अधिकृत

सदस्य श्री स्वास्थ्य शाखा प्रमुख

सदस्य श्री शिक्षा शाखा प्रमुख

सदस्य श्री गुराँस गाउँ शिक्षा समिति

सदस्य श्री प्रमुख प्रशासकिय अधिकृतले तोकेको एकजना आमन्त्रीत (आवश्यकता अनुसार)

टोप बहादुर बि.सी.
अध्यक्ष

गुराँस गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
राप्तीसैना, दैलेख
कर्णाली प्रदेश

**निर्णय नं. ३** प्रस्ताव नं ३ माथि छलफल गर्दा गुराँस गाउँपालिकाको चालु आर्थिक वर्ष २०८२।०८३ को वार्षिक कार्ययोजना तालिका सबै शाखामा उपलब्ध गराउने र उक्त तालिकामा उल्लेखित समय भाद मसान्त सम्म स्टीमेट र पौष मसान्त भित्र कार्यान्वयन तथा  र चैत्र मसन्त भित्र कार्य सम्पन्न(फरफारक) हुनेगरी वडा तथा शाखाहरुको कार्यक्रम कार्यन्वयन कार्यायोजना वनाई कार्यक्रम संचालन गर्ने पेश गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ४:** प्रस्ताव नं ४ माथि छलफल गर्दा गुराँस गाउँपालिकाको वार्षिक वजेट सिमा भित्र रहि चालु आर्थिक वर्ष २०८२।०८३ मा सबै शाखा र पालिकाको समग्र खरीद कार्य गर्न निर्माण गरीएको खरीद योजना कार्यान्वयन गर्ने निर्णय गरीयो साथै गुराँस गाउँपालिकामा कार्यरत कर्मचारीहरुको तलबी प्रतिवेदन गत आर्थिक वर्षमा तयार नभएको र चालु आर्थिक वर्षका लागि यथाशिघ्र तयार गरी पेश/पारीत गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ५:** प्रस्ताव नं ५ माथि छलफल गर्दा गुराँस गाउँपालिकाको चालु आ.व.२०८२।०८३ मा संचालन गरीने कार्यक्रम तथा योजनाहरुको आन्तरीक अनुगमन गर्न वार्षिक अनुगमन मुल्यांकन योजना तयार गरी १५ दिन भित्र पेश गर्न योजना र पूर्वाधार शाखालाई जिम्मेवारी दिन निर्देशन दिने निर्णय गरीयो ।

**निर्णय नं. ६:** प्रस्ताव नं ६ माथि छलफल गर्दा गुराँस गाउँपालिकाको  आर्थिक वर्ष २०८१।०८२ को सम्पादित कार्यहरुको वार्षिक प्रगती प्रतिवेदन तयार गर्त ५१ औ बैठको निर्णय न ३ बमोजिम निर्मित समितिले तयार गरेको प्रतिवेदन (एक पटक रुजु गरी) प्रगती पुस्तिका निर्माण गर्न निर्देशन दिने निर्णय गरीयो ।

**निर्णय नं.७:** प्रस्ताव नं ७ माथि छलफल गर्दा गुराँस गाउँपालिकाको कृषि अनुसन्धान केन्द्र घोडावासको टिस्यूकल्चर भवन निर्माणको लागत र रकम भुक्तानीका सम्बन्धमा सम्मानित जिल्ला अदालत दैलेखको च.न.१९८ मिति २०८२।०४।२८ गतेको पत्र प्राप्त भएकाले सो सम्बन्धीका विवरण भए खुलाई जिल्ला अदालतमा लेखि पठाउनकालागि प्रमुख प्रशासकिय अधिकृतलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरीयो ।

टोप बहादुर बि.सी.
अध्यक्ष

**निर्णय नं. ८:** प्रस्ताव नं ८ माथि छलफल गर्दा गुराँस गाउँपालिकाको चालु आर्थिक वर्ष २०८२।०८३ को कार्य संचालनका लागि प्रमुख जिल्ला अधिकारीज्यूको अध्यक्षतामा बसेको जिल्ला दर रेट निर्धारण समितिले स्वीकृत गरेको जिल्ला दररेट पुस्तिकामा उल्लेखित विषयहरु वाहेक देहायका शिर्षकमा तपसिल बमोजिम हने गरी प्राविधिक शाखावाट पेश हुन आएको आ.व.२०८२।०८३ को दररेट पुस्तिका कार्यान्वयन गर्नका लागि पारीत गर्ने निर्णय गरीयो ।

तपसिल

१) गाउँपालिका अन्तरगतका सबै क्षेत्रमा ढुवानी सम्वन्धी अन्य काम गर्दा कार्यगत र व्यवहारीक तालमेल नमिलेका विषय वा कामहरु गर्दा शहरी विकास तथा भवन निर्माण विभागको मापदण्डलाई आधार मानि दर समावेश गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ९:** प्रस्ताव नं ९ माथि छलफल गर्दा गुराँस गाउँपालिकाको नियमित कार्य संचालनका लागि गुराँस गाउँ शिक्षा समिति लगाएत अन्य विषयगत समितिवाट निर्णय भई कार्यान्वयन गर्न अनुमोदनका लागि गाउँ कार्यपालिकामा पेश भएकाले उक्त गाउँ शिक्षा समिति र विषयगत समितिका निर्णहरु अनुमोदन गर्ने निर्णय गरीयो ।

**निर्णय नं. १०:** प्रस्ताव नं १० माथि छलफल गर्दा नेपाल सरकारले सबै भुमि सम्बन्धी समस्या भएका पालिकाहरुका लागि प्राथमिकताका आधारमा भुमी समस्या समाधान आयोग मार्फत कार्य सम्पादन गर्दै आएकोमा यस गुराँस गाउँपालिकाका वडाहरुमा रहेको विविध भुमिहिन हरुवाट नियमानुसार प्राप्त फाईलहरुको अन्तीम किनाराका लागि जग्गा दर्ताका लागि माग भएको जग्गा क्षेत्रको अवस्थिति खोला, आवादी आवस वन वा अन्य क्षेत्र कुन हो सो खुलाई सम्बन्धीत वडावाट सिफारीस गरी गाउँपालिका स्थित भुमी सम्बन्धी समस्या सामाधान शाखामा पठाउने र गाउँपालिकावाट उक्त विवरण एकिकृत गरी जिल्ला स्थित भुमि समस्या सामाधान आयोगमा पठाउन अनुरोध गर्ने साथै हाले भुमि आयोगवाट भुमि सुकुम्वासीहरुले जग्गा प्राप्तीका लागि आवेदन दिने सम्बन्धीको प्रकाशित ३५ दिने सूचना अनुसार आफ्नो वडामा कोहि सो सूचना सम्वद्ध नागरीक भए सहभागि हुनका लागि सबै वडा कार्यालयहरुले सूचना तथा समन्वय गरी प्रभावकारी रुपमा कार्य यथाशिघ्र सम्पन्न गर्ने निर्णय गरीयो ।

टोप बहादुर बि.सी.
अध्यक्ष

गुराँस गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
राकीमसैन, दैलेख
कर्णाली प्रदेश नेपाल

**निर्णय नं. ११:** प्रस्ताव नं ११ माथि छलफल गर्दा गुराँस गाउँपालिकाका सबै क्षेत्रका वर्गिकृत जमिनको एकिकृत सम्पत्तिकर प्रयोजनका लागि जग्गाको दररेट निर्धारण २०७८ सालमा जिल्ला निर्धारण गरीएकोमा भुमि कर(मालपोत) को जग्गा मूल्यांकनको दर रेट अधिक्तम भई विपन्न परिवारका नागरीकहरुले मालपोत कर पनि तिर्न नसक्ने भएकाले उल्लेखित जग्गा मुल्यांकनको दररेट घटाउन पटक पटक अनुरोध गरीएता पनि हाल सम्म पनि जग्गा मूल्यांकनको दररेट घटि नआएकाले पुन जिल्ला प्रशासन कर्यालय र सम्बद्द कार्यालयमा पुन अनुरोधका लागि पत्राचार गर्ने निर्णय गरीयो ।

**निर्णय नं. १२:** प्रस्ताव नं १२ माथि छलफल गर्दा गुराँस गाउँपालिकाका व्याक हो लोडर र एम्बुलेन्स सन्चानलका लागि हाल कार्यान्वयनमा रहेका कार्यविधि अनुसार कार्य संचालन नभई आन्तरीक आम्दानीको व्यवस्थापनमा कठिनाई भएकाले भवी तव्य र विपदको विशेष परिस्थिति वाहेक उल्लेखित विषय संग सम्वन्धीत कार्यविधि अनुसार कार्य संचालन गर्ने स्वीकृत कार्यविधि अनुसार कार्य संचानल गर्ने निर्णय गरीयो साथै यस उप्रान्त कुनैपनि मौखिक निर्देशन नगरी विधि सम्वत मात्र उपकरण परीचालन गर्ने निर्णय गरीयो ।

**निर्णय नं. १३:** प्रस्ताव नं १३ माथि छलफल गर्दा गुराँस गाउँपालिकाको गत आर्थिक वर्ष २०८१।०८२ को वार्षिक कुल बजेट वाट खर्च भई वाँकी रहेको चालु आर्थिक वर्षमा अल्या हुने बजेट रकम कुन कुन शिर्षकवाट के कति बजेट बचत भई अल्या भएको र के कति बजेट खर्च नभई फिर्ता भएको हो सोको शिर्षकगत आर्थिक विवरण पेश गर्न आर्थिक प्रशासन शाखा लाई निर्देशन दिने निर्णय गरीयो ।

**निर्णय नं. १४:** प्रस्ताव नं १४ **विविध क** माथि छलफल गर्दा नेपाल सरकार तथा सम्बन्धीत कानुनले तोकेको अवधिमा सोहि कानुनमा सम्पत्ति विवरण अनिवर्य रुपमा बुझाउनु पर्ने भनि तोकिएका गाउँपालिका सम्वद्ध सम्पुर्ण जनप्रतिनिधिहरु, कर्मचारीहरु र शिक्षकहरुको सम्पत्ति विवरण भर्न आवश्यक व्यवस्था मिलाई सम्बन्धीत निकायमा पेश गर्न निर्णय भएकोमा सम्पत्ति विवरण वुझाउन पुन आवश्यक समन्वय गर्ने सुचना प्रविधि शाखालाई निर्देशन दिने निर्णय गरीयो ।

टोप बहादुर बि.सी.
अध्यक्ष

**निर्णय नं. १४:** प्रस्ताव नं १४ **विविध ख** माथि छलफल गर्दा गुराँस गाउँपालिकाको सामुदायिक विधुतिकरण व्यवस्थापनका क्रममा विधुत उपयोगका लागि पालिकाले वडा कार्यालयमार्फत विधुत मिटर उपलब्ध गराएको नागरीकको घरमा विद्युत जडान नहुदै पुन वडा संग समन्वय नगरी विधुत शाखावाट विधुत मिटर उपलब्ध गराई विधुत लाईन जडान नगरेकाले सो सम्बन्धी आवश्यक व्यवस्थापन गर्न सम्त्रन्धीत शाखालार्य निर्देशन दिने अब देखि वडा वाटनै मिटर उपलब्ध गारउने निर्णय गरीयो साथै वडा नं ६ वाट सोध भर्ना गर्ने गरी गाउँपालिकाको विद्युत शाखामा ल्याई अन्य वडा मा वितरण गरीएका विद्युत मिटरहरुको रकम विवरण पुष्ट्याई हुने कागजातका आधारमा हिसाव मिलानका गरीदिनका लागी विधुत, राजश्व र लेखा शाखामा आवश्यक व्यवस्था गर्न निर्देशन दिने निर्णय गरीयो ।

**निर्णय नं. १४:** प्रस्ताव नं १४ **विविध ग** माथि छलफल गर्दा गुराँस गाउँपालिकाको वार्षिक स्वीकृत कार्यक्रम अन्तरगत विषयगत लक्षित कार्यक्रम मध्ये महिला लक्षित कार्यक्रमको तिज विशेष कार्यक्रम संचालन गर्न प्रति वडामा परम्परागत तिज संस्कृतिको जगेर्ना गर्ने गरी स्थानिय कला भेषभुषा प्रवर्द्धनमा टेवा पुग्ने चेतनामुलक प्रतियोगितात्मक कार्यक्रम संचालन गर्न प्रति वडा रु २५ हजारका दरले रु २ लाख प्रमाणित खर्च सम्वद्ध विल भर्पाईका आधारमा भुक्तानी दिने र पालिका स्तरीय तिज कार्यक्रमका लागि रु २ लाख गरी जम्मा ४ लाख भित्र रही कार्यक्रम संचालन गर्न सम्बन्धीत महिला तथा वालवालिका विकास शाखालाई निर्देशन दिने निर्णय गरीयो ।

**निर्णय नं. १४:** प्रस्ताव नं १४ **विविध घ** माथि छलफल गर्दा गौरव मार्गको निर्माण कार्य निरन्तर कार्यसंचाल गर्दा पुरा सडकको तपपिसल बमोजिम ४ भागमा निर्माण खण्ड योजना विभाजन गरी कार्य संचालन गर्ने निर्णय गरीयो ।

**तपसिल**

१. पातलखोला वेडुगाउँ पातिकाल्ना खण्ड ।

२. पालिकाल्ना घोडावास खण्ड

३. घोडावास वडाकाँडाँ जिरो प्वाईन्ट खण्ड

४. वडाकाँडाँ धरमपोखरा खण्ड

टोप बहादुर बि.सी.
अध्यक्ष

गुराँस गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
राजीमारा, दैलेख
कर्णाली प्रदेश, नेपाल

**निर्णय नं. १४:** प्रस्ताव नं १४ **विविध ङ** माथि छलफल गर्दा गुराँस गाउँपालिकाको रोजगार संयोजक श्री मोहन पौडेलका काज सरुवा सहमती रद्द गरी काग फिर्ता गर्ने सम्बन्धी ४९ औ कार्यापालिका बैठकले निर्णय गरी सम्बन्धीत निकायमा पत्राचार समेत गरेकोमा हाल सम्म काज फिर्ता नभएकाले उक्त रिक्त पदमा काज फिर्ताका लागि पुन ताकोता गर्ने र फिर्ता आउन नमिल्ने भए दोहोरो सहमतिमा सरुवा भई आउन चाहानेका लागि सरुवा सहमति प्रदान गर्ने निर्णय गरीयो ।

**निर्णय नं. १४:** प्रस्ताव नं १४ **विविध च** माथि छलफल गर्दा गुराँस गाउँपालिका अन्तरगतका कर्णाली, लोह्रोरे र पराजुली खोलाको नदिजन्य पदर्थ (गिट्टी वालुवा र ढुगां) उपयोगका सम्बन्धमा गुराँस गाउपालिका भित्र निरन्तर चलेका निर्माण कार्यका लागि अति आवश्यक भएकाले उक्त अतिआवश्यकिय कार्यका लागि परीमाण तोकी तत्कालका लागि नदिजन्य पदार्थ उपलब्ध गराउने व्वस्था गर्न गाँउपालिकालालर्य दिर्नेशन दिने र सो उपयोग तथा प्रक्रिया संगत व्यवस्थापनको कार्यारम्भ गर्न प्राविधिक शाखालाई निर्देशन दिने निर्णय गरीयो ।

**निर्णय नं. १४:** प्रस्ताव नं १४ **विविध छ** माथि छलफल गर्दा गुराँस गाउँपालिकाको गुराँसे पालिकान्ला सडक निर्माणका लागि आ.व.२०८१।०८२ मा ठेक्का भई कार्य सचालन भएकोमा उक्त सडक निर्माण कार्यको जिम्मा लिएको ठेकेदारले २०८२ सालको असार मसान्त सम्ममा कार्यसम्पन नगरी सडकमा यातायातका साधन र पैदलयात्रीलाई समेत आवतजावत गर्न कठिनाई भएकाले वडा नं. १,२,३ र ४ का नागरीकहरुवाट उल्लेखित गुराँसे पातिकान्ला सडकमा यातायात सुचारु गरीदिन गुनासो सहितको माग जनप्रतिनिधि मार्फत कार्यपालिकामा आएकाले उक्त गुराँसे पातिकाल्ना सडक लागएत गुराँस गाउँपालिका भित्रका मुख्य सडकहरुमा यातायात सुचारु गर्न गुराँस गाउँपालिकाको हामी वनाउछौ हाम्रो सडक शिर्षकवाट खर्च लेखि पालिकाको राजश्व खातामा आम्दानी बाध्ने गरी हालाई पालिकाको व्याक हो लोडरवाट सडक सुचारु गर्ने निर्णय गरीयो ।

दिल बहादुर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

टोप बहादुर बि.सी.
अध्यक्ष

गुराँस गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सेरानता, दैलेख
कर्णाली प्रदेश नेपाल
२०७३

**निर्णय नं. १४:** प्रस्ताव नं १४ **विविध ज** माथि छलफल गर्दा नेपाल सरकारको स्वास्थ्य मन्त्रालय अन्तरगत शशर्त अनुदान तर्फ १० महिनाका लागि जनस्वास्थ्य अधिकृत पदका लागि अनुदान प्राप्त भएकाले उक्त पद र यसैसाथ सुरक्षीत आप्रवासन कार्यक्रम (सामी) तर्फको मनोसामाजिक परामर्श कर्ता सहायक चौथो/पाँचौ स्तका पदका लागि सुरक्षित आप्रवासन परामर्श कार्यका लागि पालिकासंग साझेदारीमा परामर्श कार्यक्रम संचालन गर्न संघयि .सरकारवाट शसर्त अनुदान वापत ५० प्रतिशत तलब रकम प्राप्त भएकाले उल्लेखित पदमा पदपुर्ति गर्न अपुग थप रकमको व्यवस्थापन उल्लेखित दुवै पदका लागि पदपुर्ति गर्न निर्देशन दिने निर्णय गरीयो साथै यसै बैठकको निर्णय नं. २ बमोजिम आ.व. २०८२।०८३ मा सेवा करारमा कार्यरत कर्मचारीहरुको सेवा करारमा निरन्तरताका लागि गठित कार्यदलले पेश गरेको प्रतिवेदन र गुराँस गाउँपालिका गाउँ सभाको १६औ अधिवेशनको दोस्रो बैठक २०८२ असार ३० को निर्णय नं ४ अनुसार सेवा करारका कर्मचारीहरुको करार सेवा नविकरण गर्ने र प्रधान मन्त्री रोजागार अन्तरगतको बजेट शिर्षकवाट पारीश्रमीक पाउदै आएका सव ईन्जिनियर विशाल वि.क.को सम्बन्धीत शिर्षकमा बजेट प्राप्त नभएको र गाउँपालिकामा हाल कार्यरत प्राविधिक कर्मचारीहरु दरवन्दी भन्दा कम सख्यामा रहेकाले प्राविधिक शाखा वाट सम्पादन गरीने कार्य सम्पादन गर्न असहज हुने भएकाले सो सहजिकरणका लागि अर्को व्यवस्था नहुने वेला सम्मका लागि अन्य सेवा करारका कर्मचारी सरह सेवा करारमा निरन्तरता दिने निर्णय गरीयो ।

टोप बहादुर वि.सी.
अध्यक्ष

गुराँस गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रानीमता, दैलेख
कर्णाली प्रदेश नेपाल
२०७३

**गाउँपालिका अध्यक्ष- टोप बहादुर वि सीः** बाहिरि आन्दोलनको प्रभावले पालिकामा पनि आन्तरिक शान्ती खलल हुने खालका प्रतिक्रिया जनाउने र उग्र, उच्छ्रिङखल व्यवहार देखाउने व्यक्ति सुरक्षाको दृष्टिकोणले निगरानीमा राख्नुपर्ने भएकोले उनिहरुको व्यक्तिगत विवरण राखि सुरक्षा संयन्त्रलाई जागरुप बनाउनुपर्ने अवस्था सिर्जना भएको छ। विशुद्द जेन जी मा उपयुक्त माग बाहेक व्यक्तिगत दुस्मनी देखाउनेलाई समेत सुरक्षा संयन्त्रको समन्वयमा शान्तिपुर्ण ढङ्गले पालिकालाई सहयोग गर्न आव्हान गर्ने ।

**प्रमुख प्रशासकीय अधिकृतः दिल बहादुर पौडेलः**

- करार सेवा कर्मचारीको निकाशा नआएको
- तत्काल समानीकरण र राजश्वं को रकम आउनुपर्ने सो नआएको

वडा नं ३ **काँशीराम शर्माः**

- विषय गम्भिर भएको सतर्क रहन आग्रह
- प्रतिपक्षको भूमिका रहेका नेता कार्यकर्ताको व्यक्तिगत रिसिभि गर्ने खालमा प्रतिक्रिया राखेर समाजलाई भट्काउनेको खास निगरानी राख्नपर्ने
- गा पा प्रति नकारात्मक धारणा राख्ने व्यक्तिको नामावली गा पा अध्यक्ष ज्यू लाई टिपोट गर्ने

  ..........

  .............

  ..........
- हाम्रो पालिका विशेष गरि राजनैतिक प्रतिशोध साध्न विभिन्न तत्त्वको नजरमा रहेकोले चनाखो हुनुपर्ने यसको लागी नेकपा एमालेका भातृ संगठन संग सहकार्य गरि सुरक्षाको लागी आवश्यक कार्य गर्न पर्ने
- गुराँस गा पा को सम्पति पार्टिको नभई राज्यको सम्पति भएकोले सोलाई बचाउन एकढिक्का हुनुपर्ने
- स्थानीय देखि संघ सम्म पार्टिका कार्यकर्ता रुष्ट रहेकोले आफ्नैबाट पनि क्षति हुन सक्ने भएकोले चनाखो हुनुपर्ने
- आफुमात्र सुरक्षित रहेर भएन आफ्नो जिम्मेवारीमा रहेका सरकारी सार्वजनिक सम्पतिको संरक्षण गर्नको लागी आवश्यक कार्य गर्ने
- दशै आएकोले करार सेवाका कर्मचारीको विगत ९ महिना देखि रोकिएको तलव भत्ता भुक्तानी गर्नहुन प्र प्र अ लाई आग्रह
- करार सेवाका कर्मचारीको म्याद थप गर्न आवश्यक पहल गर्ने
- दशैभन्दा अगाडि सडक मर्मत गर्न आवश्यक कार्य अगाडि बढाउने
- कर्मचारीलाई कार्य जिम्मेवारी तोकेको ठाउमा हाजिर हुन प्र प्र अ ज्यू लाई निर्देशन दिने
- दशैमा सुरक्षा निकायलाई प्रोत्साहन गर्न र दशै खर्चको लागी आवश्यक पहल गर्ने,४ वटै चौकीलाई केही व्यवस्थापन गर्ने

टोप बहादुर बि.सी.
अध्यक्ष

गाउँ कार्यपालिकाको कार्यालय
…जीगत्ता, दैलेख
कर्णाली प्रदेश नेपाल
२०७३

आज मिति २०८२ साल भदौ महिनाको २७ गतेका दिन यस गुराँस गाउँपालिकाका अध्यक्ष श्री टोप बहादुर वि सी ज्यू को अध्यक्षतामा देशमा पछिल्लो समयमा भएको Zen-Z आन्दोलनका क्रममा देखिएका विभिन्न समसामयिक विषयको सन्दर्भमा यस पालिकाभित्र पारेको असर र प्रभावका बारेमा सम्पुर्ण वडा अध्यक्ष ज्यूहरु को उपस्थिति विशेष बैठक बसी तपशिलका निर्णयहरु गरियो ।

**उपस्थितिः**

| | |
|---|---|
| श्री टोप बहादुर वि सी | गा पा अध्यक्ष |
| श्री शिवा कुमारी खडका | गा पा उपाध्यक्ष |
| श्री धर्म बहादुर रावल | वडा अध्यक्ष वडा नं १ |
| श्री शेर बहादुर रावल | वडा अध्यक्ष वडा नं २ |
| श्री काशीराम शर्मा | वडा अध्यक्ष वडा नं ३ |
| श्री खडग बहादुर शाही | वडा अध्यक्ष वडा नं ४ |
| श्री भुपेन्द्र बहादुर चन्द | वडा अध्यक्ष वडा नं ५ |
| श्री चन्द्र बहादुर राना | वडा अध्यक्ष वडा नं ६ |
| श्री नन्द बहादुर वि सी | वडा अध्यक्ष वडा नं ७ |
| श्री दीपेन्द्र वली | वडा अध्यक्ष वडा नं ८ |
| श्री दिल बहादुर पौडेल | प्रमुख प्रशासकीय अधिकृत |

**आमन्त्रित**

| | |
|---|---|
| श्री गोपाल बुढा | वडा सदस्य वडा नं ६ |
| श्री नगेन्द्रपाल थापा | प्रशासकीय अधिकृत |
| श्री पूर्ण बहादुर ओली | अध्यक्ष ज्युको सचिवालय |

प्रस्ताव नं १ आन्दोलनको समसामयिक विषयमा समिक्षा र गापा भित्र परेको प्रभाव सम्बन्धमा
प्रस्ताव नं २ गाउँपालिकाको कामकाज नियमित गर्ने सम्बन्धमा
प्रस्ताव नं ३ गाउँपालिका भित्रका सबै सरकारी कार्यालयको सुरक्षा सम्बन्धमा
प्रस्ताव नं ४ पहिलो चौमासिक भित्रको समिक्षा र योजना कार्यान्वयन गर्ने सम्बन्धमा
प्रस्ताव नं ५ विविध

टोप बहादुर बि.सी.
अध्यक्ष

गुराँस गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रानीगाउँ, दैलेख
कर्णाली प्रदेश नेपाल
२०७३

निर्णय नं १ प्रस्ताव नं १ माथि छलफल गर्दा देशमा Zen-Z समुहले गरेको देशव्यापी आन्दोलनको क्रममा ज्यान गुमाएका शहिदहरु प्रति हार्दिक श्रद्धान्जली र घाईतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना व्यक्त गर्दै सो आन्दोलनले गुराँस गाउँपालिकामा पारेको असरको सम्बन्धमा विविध विवरणहरु राखि समिक्षा गरियो । साथै Zen-Z ले माग गरेका सकारात्मक माग हरु प्रति समर्थन गर्दै गाउँपालिका भित्रका सम्पुर्ण जनप्रतिनिधि र कर्मचारीहरुले उनिहरुको मर्म बुझेर नियमित कामकाज गर्ने प्रतिवद्वता जनाउने निर्णय गरियो ।

निर्णय नं २ प्रस्ताव नं २ माथि छलफल गर्दा देशव्यापी रुपमा Zen-z ले गरेको आन्दोलनको कारण बनेको भयावह स्थितिबाट राष्ट्रव्यापी रुपमा विभिन्न सर्भरमा परेको प्रभावले केही कामकारबाही रोकिए पनि सो बाहेकका अन्य कार्यहरु र गुराँस गाउँपालिकाको चा लु आ व २०८२।८३ को बजेट कार्यान्वय गर्न पालिकाबाट पूर्वतयारीको लागी गरिने कार्यहरु नियमित रुपमा संचालन गर्ने र संचालन राख्न गाउँपालिकाको कार्यालय र अन्तर्गतका कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं ३ प्रस्ताव नं ३ माथि छलफल गर्दा गुराँस गाउँपालिका र अन्तर्गतका सम्पूर्ण वडा कार्यालय स्वास्थ्य चौकी, विद्यालयहरु लगायत सम्पूर्ण सरकारी र सार्वजनिक कार्यालयहरु आन्दोलनकारीको निसानाबाट बचाउन र सुरक्षा प्रदान गर्न प्रहरी चौकी रानीमत्ता,जिल्ला प्रशासन कार्यालय दैलेख, वडा स्तरका सम्पूर्ण राजनैतिक दलका अगुवाहरु, विभिन्न संघ संस्थाका प्रतिनिधिहरु, कर्मचारीहरु संग समन्वय सहकार्य गर्ने निर्णय गरियो, साथै सोको लागी २४ घण्टा सतर्क रहन आग्रह गर्ने निर्णय गरियो ।

निर्णय नं ४ प्रस्ताव नं ४ माथि छलफल गर्दा चालु आ व २०८२।८३ को पहिलो चौमासिकमा गाउँपालिकाले गरेका काम कारबाहीको सम्बन्धमा समिक्षा कार्यक्रम राख्ने र चालु आ व को बजेट कार्यान्वयनको सम्बन्धमा आगामी पुष मसान्त भित्र कार्यसम्पन्न गरिसक्ने गरि आ आफ्नो शाखा र वडाको कार्यान्वियन कार्ययोजना तयार पारि कार्यपालिकाको आगामी बैठकमा पेश गर्न निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं ५(क) प्रस्ताव नं ५ विविध माथि छलफल गर्दा गुराँस गाउँपालिका र भियतनामको स्टोनिया नगरपालिका बिच भगेनी सम्बन्ध स्थापनाको लागी गुराँस गाउँपालिका अध्यक्ष ज्यु ले निर्वाह गर्नुभएको भूमिका प्रति हार्दिक धन्यवाद प्रकट गर्दै सो कुरामा सहमति र समर्थन जनाउँने निर्णय गरियो ।

निर्णय नं ५(ख) प्रस्ताव नं ५ माथि छलफल गर्दा नजिकिँदै गरेको बडादशैँको अवसरमा प्रत्येक वडामा नागरिकसंग भेटघाट र दशैँको शुभकामना आदानप्रदान गर्न वडा नं १ देखि वडा नं ८ सम्म मिति २०८२।०६।०३ गते देखि ८ गते को मिति तोकी कार्यक्रम तय गर्ने निर्णय गरियो ।

निर्णय नं ५ (ग) प्रस्ताव नं ५ माथि छलफल गर्दा गुराँस गाउँकार्यपालिकाको २०८२।०५।०२ गते बसेको बैठकको निर्णय नं २ र विविध १४(ज) अनुसारको प्रतिवेदनको आधारमा कर्मचारीको करार सम्झौता नवीकरण र जिम्मेवारी हेरफेरको जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृतलाई.प्रदान गर्ने निर्णय गरियो ।

- विकास निर्माणका कार्यमा अघिल्लो वर्षको जस्तो अधुरा कार्य नराख्ने सोको लागी कार्य अगाडी बढाउने
- कतिपय विद्यालय व्यववस्थापन समितिको म्याद थप गर्न पर्ने र विद्यालयलाई रंगरोगनको लागी आवश्यक कार्य थालनी गर्ने
- कर्मचारीलाई खटनपटन गर्ने,हाल ३ नं का प्राविधिकको जिम्मेवारी परिवर्तन गर्नुपर्ने
- एक घर एक धारा वडा नं ३ मा नसकिएको
- हामी खतरामुक्त रहेको भनि ढुक्क नरहन आग्रह
- करार सेवाका कर्चारी हटाउने वा राख्ने भनि बोल्ड निर्णय गर्नुपर्ने

**वडा नं ४ खडक बहादुर शाहीः**

- अहिलेको जटिल अवस्थामा बैठकको लागी आव्हान गर्नुभयो धन्यवाद
- पालिकामा Zen-Z समुहको आन्दोलनले नकारात्मक असर पारेपनि हौसलाको लागी साथीभाईहरुको पनि साथ पाएको
- दशै नजिकै आएको बेला प्र प्र अ को सरुवाले पालिकालाई असहज हुने भएपनि कुनैपनि वेला कार्यालयलाई आवश्यक परेको बेला सहयोग गर्न आग्रह
- हामीले पालिकाको सर्वाङगिर्ण हितको लागी कहि कतै बोले पनि यसलाई व्यक्तिगत रुपमा नलिई पालिकाको हितको लागी हो भन्ने बुझ्न पर्ने

**वडा नं ५ भुपेन्द्र बहादुर चन्दः**

- हाल गुराँस गा पा वडा नं ५ मा कुनैपनि प्रकारको अस्वभाविक गतिविधि नरहेको
- Zen-Z को आन्दोलनले वडामा रहेका यूवाहरुमा केही प्रकारको नकारात्मक असर परेको भए पनि देखिने गरि कुनै प्रतिक्रिया नदेखिएको
- दशैभन्दा अगाडि सडक मर्मत गर्न आवश्यक कार्य अगाडि बढाउने
-

**वडा नं ७ नन्द बहादुर वि सीः**

- हाल सम्म सहयोग गर्नुभयो धन्यवाद
- करार सेवाका कर्मचारीको म्याद थपको लागी आवश्यक पहल गर्नहुन प्र प्र अ ज्यु लाई अनुरोध
- विद्युत सेवालाई निरन्तर दिन कर्मचारीलाई नियमितता दिनुपर्ने
-

वडा नं १

वडा नं २

वडा न ६

टोप बहादुर वि.सी.
अध्यक्ष